# मल्लरानी गाउँपालिका
## खलंगा, प्यूठान

# खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजना
## सम्बन्धी संक्षिप्त वस्तुगत विवरण



तयार गर्नेः
**ग्रिन सोलुशन कन्सल्टेन्सी प्रा.ली., काठमाण्डौ**



# विषय सूची

परिच्छेद — १   सरसफाइ र स्वच्छताको अवस्था........................................१

१.१ परिचय........................................१

१.२ औचित्यः........................................१

१.३ मल्लरानी गाउँपालिकाको समग्र वस्तुस्थिती........................................२

१.४ जनसंख्या विवरण........................................२

१.५ जातजाती विवरणः........................................३

१.७ मल्लरानी गाउँपालिको घरधुरी संख्याः........................................४

परिच्छेद २ : खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति........................................५

२.१ मल्लरानी गाउँपालिकाको खानेपानीको अवस्था........................................५

२.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक श्रोतहरु........................................५

२.१.२ गाउँपालिकामा खानेपानीको स्तरः........................................५

२.१.३ मौजुदा खानेपानी योजना प्रविधि........................................५

२.१.४ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था)हरुमा खानेपानी सुविधा........................................७

२.२ सरसफाइ तथा स्वच्छताको अवस्था........................................८

२.२.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था........................................८

२.२.२ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था........................................१०

२.२.३.स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था........................................१२

परिच्छेद ३ सरसफाइका लागि भएका प्रयास र वर्तमान अवस्था विश्लेषण........................................१४

३.१ अवस्था विश्लेषणः........................................१४

३.२ पूर्ण सरसफाइ अभियानका समस्या तथा चुनौतीहरु........................................१४

३.३ पूर्ण सरसफाइ अभियानका संभावना र अवसरहरु........................................१५

३.४ समस्या समाधानका उपाय तथा रणनीति........................................१६

३.४.१ कार्य सञ्चालन पद्धति र कार्यक्रम........................................१६

परिच्छेद ४ खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) को रणनीति योजना........................................१८

४.१ सोच........................................१८

४.२ लक्ष्य र नारा........................................१८

४.३ उद्देश्य........................................१८

४.४ रणनीति........................................१८

४.५ कार्यनीति ........ १९

४.६ कार्यान्वयन ढाँचा ........ २१

४.६.१ गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वाच्छता समन्वय समिति ........ २१

४.६.२ वडा खानेपानी, सरसफाइ तथा स्वाच्छता समन्वय समिति ........ २१

४.६.३ कार्यक्रम सञ्चालन तहः ........ २२

४.७ पूर्ण सरसफाईका सूचकहरुः ........ २५

४.८. पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरु ........ २६

४.९. स्रोत व्यवस्थापन र परिचालन (आर्थिक, मानवीय) ........ २७

४.१० अनुगमन र मूल्यांकन ........ २७

४.१०.१. समन्वय समितिबाट अनुगमन समिति बनाउने — (कम्तीमा ५ जनाको ) ........ २८

४.१०.२ अनुगमनका सूचकहरु र प्रमाणीकरण गर्ने आधारहरु ........ २८

४.११ पूर्ण सरसफाइ पश्चातको क्रियाकलापहरुः ........ ३०

४.१२ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता ........ ३०

परिच्छेद ५ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना ........ ३१

५.१ पालिका स्तर क्षमता अभिबृद्धि योजना ........ ३१

५.२ समुदाय स्तर क्षमता अभिबृद्धि योजना ........ ३१

५.३ पुरक विषय सवाल (Cross-cutting Issues) र सम्वोधन योजना ........ ३१

५.४ लैगिंक तथा समावेसिकरण मुलप्रवाहिकरण ........ ३१

५.५ प्रयोगकर्ता मैत्रि संरचना निर्माण योजना ........ ३२

५.६ संस्थागत संरचना ........ ३३

परिच्छेद ६ अनुसुचिहरु ........ ३४

६.१ अनुसुचि नं १ प्रस्तावित सार्वजनिक शौचालयहरु ........ ३४

६.२ अनुसुचि नं २ खानेपानी योजनाहरुबाट वडागत रुपमा लाभान्भित घरधुरी ........ ३४

६.३ अनुसुची ३ गाउँपालिका स्तरीय खानेपानि समितिले प्राथमिकिकरण गरेका योजनाहरु ........ ४०

६.४ अनुसुची ४ वडा स्तरको योजना प्राथमिकिकरण ........ ४१

६.५ अनुसुची ५ गाउँपालिका, विद्यालय, स्वास्थ्य संस्था श्रोत नक्सा ........ ४८

# परिच्छेद — १ सरसफाइ र स्वच्छताको अवस्था

## १.१ परिचय

नेपालमा सरसफाइ प्रवद्र्धन कार्यक्रम संयुक्त राष्ट्रसंघले सन् १९८० को दशकलाई खानेपानी तथा सरसफाइ दशकको रुपमा कार्य गर्न आव्हान गरे पश्चात् औपचारिक रुपमा सुरुवात भएको हो । यस क्षेत्रमा संलग्न संस्थाहरुले आ—आफ्नो संस्थाको सिमित स्रोतसाधन र कार्य प्रक्रियामा आधारित सरसफाइका टुक्रे कार्यक्रमहरु सञ्चालन गर्दै आएका थिए । सरसफाइ गुरु योजना, २०६८ को कार्यान्वयन पश्चात स्थानीय निकायको नेतृत्वमा सामाजिक अभियानको रुपमा सरसफाइ प्रवद्र्धन कार्यक्रम संचालन गरि खुला दिशा मुक्तको अभियान सफलताका साथ संचालन भईराखेको छ । सरसफाइ र स्वच्छता प्रवद्र्वन गर्ने कार्य बहुआयामिक र बहुक्षेत्रगत सरोकारको विषयको रुपमा संस्थागत भइ, स्थानीय सरोकारवालाको सक्रिय सहभागीतामा प्युठान जिल्लालाइ २०६९ चैत १६ गते देशको ५ औं खुला दिशा मुक्त जिल्लाको रुपमा घोषणा गरिएको थियो ।

नेपालको संविधान २०७२ ले आधारभूत स्तरको खानेपानी र सरसफाइ सुबिधालाइ नागरिकको आधारभूत अधिकारको रुपमा स्थापित गरेको छ । हालका दिनमा सरसफाइको दायरा फराकिलो भई प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भई सरसफाइलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ । वर्तमान परिपक्षमा यस क्षेत्रमा एकतिर खुला दिशा मुक्तको अवस्थालाई निरन्तरता दिन जोखिम श्रृजना भई राखेको छ भने अर्कोतीर राज्यको पूर्ण सरसफाई मार्गदर्शनमा उल्लेखित पूर्ण सरसफाईका सूचकहरु प्राप्त गर्नुपर्ने जोखिम देखिन्छ । यस क्षेत्रमा संलग्न सरोकारवालाहरुले विगतदेखि विभिन्न नामले खुला दिसामुक्त घोषणा पश्चात्का क्रियाकलापहरु संचालित भइ रहेता पनि परम्परागत रुपमा स्थापित रुढीबादी संस्कार, सरसफाइले स्वास्थ्यमा पुऱ्याउने सकारात्मक प्रभाव प्रतिको सचेतनाको अभाव, आवश्यक पूर्वाधारहरुको कमी, हेल्चेक्रयाई, अशक्तता तथा स्थानीय तहको फितलो अनुगमनका कारण सरसफाइ सम्बन्धी संरचनाहरुको समुचित प्रयोग, मर्मतसम्भार तथा स्वस्थकर बानी व्यवहार विकास गर्ने कार्य चुनौतीपूर्ण बनेको छ । यसका साथसाथै सम्भाव्य विपदलाई समेत मध्यनजर राखि खानेपानी र सरसफाइका सेवा सुविधाहरुको आपूर्ति र निरन्तरता अपरिहार्य रहेको देखिन्छ ।

सरसफाइ गुरुयोजना, २०६८ र वातावरण मैत्री स्थानीय सुशासन ढाँचा, २०७० तथा पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ ले सन् २०३० सम्म सबैको लागि, सधैको लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्ने लक्ष्य राखे अनुरुप र साविकको खुला दिशा मुक्त गाविस घोषणा अवधी तथा तत् पश्चातका स्थानीय अनुभव, सरसफाईलाई प्रभाव पार्ने सामाजिक विकृति, विसंगति तथा बाधा अड्काउ, वडा स्तरिय समिक्षा, बैठक तथा अन्य सरोकारवालाहरुको समन्वय र सिकाई आदान प्रदानलाई मध्यनजर राखि र नेपाल सरकार खानेपानी तथा सरसफाइ मन्त्रालयको पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ को निर्देशनमा रहि मल्लरानी गाउपालिका लाई पूर्ण सरसफाई वनाउनका लागि यो पूर्ण सरसफाई रणनीतिक योजना २०७५ तयार पारिएको छ ।

## १.२ औचित्यः

पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ ले मानव मलमुत्रको सुरक्षित विर्सजनका लागि सेवा, सुविधा, र व्यवस्थापनलाई सरसफाइ, जनस्वास्थ्य र प्रतिष्ठा प्रवद्र्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य एवं प्रकृया सरसफाइ हो भनी परिभाषित गरेको छ । साथै जोखिमपूर्ण अवस्था (खाना बनाउनु, खानु र खुवाउनु अघि, दिसा गरेपछि, विरामीको हेरचाह एवं बच्चाको दिसा, गाईवस्तुको मलमुत्र व्यवस्थापन गरेपछि) साबुन पानीले हात धुने र चर्पी निर्माण, प्रयोग तथा यसको मर्मतसंम्भार मात्र नभई व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइका साथै मानिसको बानी व्यवहार परिवर्तनहरुलाई पनि पूर्ण सरसफाइ मार्गदर्शनले समेटेको छ ।

हाल सामाजिक अभियानको रुपमा सञ्चालित खुला दिसामुक्त अवस्थाका उपलव्धीहरुलाई दिगोपना बनाइ राख्न सरसफाइका अन्य सुविधाहरुको निर्माण, प्रभावकारी प्रयोग तथा सञ्चालन गरी सफा र स्वच्छता कायम गर्न सार्वजनिक र नीजि क्षेत्रको साझेदारीमा ग्रामीण र सहरी क्षेत्रमा स्तरीय सेवा प्रवाह, सचेतना अभिवृद्धि, सामाजिकीकरण, सामुहिक सशक्तिकरण तथा स्व—अनुगमन सम्बन्धी क्रियाकलापहरुको नियमित कार्यान्वयन गर्नु आवश्यक छ । त्यसैले सरसफाइ र स्वच्छताको दिगोपन कायम गर्न पूर्ण सरसफाइ मार्गदर्शनका आधरमा योजना तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य छ ।

## १.३ मल्लरानी गाउँपालिकाको समग्र वस्तुस्थिती

प्यूठान जिल्लामा अबस्थित मल्लरानी गाउँपालिका नेपालको ५ नं प्रदेश मा रहेको छ । मल्लरानी गाउँपालिकाको स्थापना साविकका प्यूठान न.पा. का वडा नं (१, २, ३, ५ र १८), चुँजा गा.वि.स., धरमपानी गा.वि.स. र रस्पुरकोट गा.वि.स. का वडा नं ६, ७, ८ र ९ समाबेश गरि भएको हो । यस गाउँपालिकामा हाल ५ वटा वडाहरु कायम गरिएको छ । मल्लरानी गाउँपालिकाको पूर्वमा अर्घाखाँची जिल्ला पर्दछ भने, पश्चिममा माण्डवी गाउँपालिका र प्यूठान न.पा. पर्दछ, उत्तरमा झिमरुक गाउँपालिका र प्यूठान न.पा. पर्दछन् र दक्षिणमा ऐरावती गाउँपालिकापर्दछन् ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मासाविकका प्यूठान न.पा. का वडा नं (१, २, ३, ५ र १८), चुँजा गा.वि.स., धरमपानी गा.वि.स. र रस्पुरकोट गा.वि.स. का वडा नं ६, ७, ८ र ९ समावेश गरि मल्लरानी गाउँपालिका घोषणा गरीएको हो । यस गाउँपालिकामा हाल ५ वडा कायम गरिएको छ ।

तालिका नं १ : गाउँपालिकाको वडा विभाजन

| वडा नं | समावेश भएका साविकका गा.वि.स.हरु | साविक का वडाहरु |
|---|---|---|
| १ | चुँजा | १ देखि ४ |
| २ | चुँजा | ५ देखि ९ |
| ३ | धरमपानी | १ देखि ९ |
| | रस्पुरकोट | ६ देखि ९ |
| ४ | प्यूठान न.पा. | १ देखि ३ र ५ |
| ५ | प्यूठान न.पा. | १८ |

स्रोतः मल्लरानी गाउँपालिका प्रोफाईल, २०७५

भौगोलिक हिसाबले ८२ डिग्री ४८ मिनेट ३० सेकेण्ड देखि ८३ डिग्री ०१ मिनेट ३० सेकेण्ड पूर्वी देशान्तर र २८ डिग्री २ मिनेट देखि २८ डिग्री ६ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित मल्लरानीगाउँपालिका प्रदेश नं ५ को ८०.०९ व.कि.मी. क्षेत्रफलमा फैलिएर रहेको छ ।सामुदायिक र संस्थागत गरी ७ वटा माध्यामिक विद्यालय र २१ वटा आधारभूत विद्यालय गरी यहाँ जम्मा २८ वटा शिक्षण संस्थाहरु संचालित छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मगर जाति ४,७५५ जना २६.८९ प्रतिशत), दोस्रोमा क्षेत्री ३,९५६ (२२.३७प्रतिशत) र तेस्रोमा ब्राह्मण (पहाडी) २,२५४ (१२.७४प्रतिशत) हरुको बसोबास रहेको छ । यस गाउँपालिकामा ५ वडाहरु रहेका छन् ।औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ । यस गाउँपालिकामा माध्यामिक तह सम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, साउने र माघे संक्रान्ति, तिज,महाशिवरात्री, होलि, चैते दशै र कृष्णजन्माष्टमी, बुद्धजयन्तीआदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## १.४ जनसंख्या विवरण

यहाँ राष्ट्रिय जनगणना बाट प्राप्त नतिजाको आधारमा जनसंख्याको विविध पक्षहरुको विश्लेषण गरिएको छ । राष्ट्रियजनगणना, २०६८ अनुसार मल्लरानीगाउँपालीकाको जनसंख्या १७,६८६ रहेको छ जस मध्ये पुरुष ४२.६५ प्रतिशत (७,५४४जना) र महिला ५७.३५ प्रतिशत (१०,१४२ जना) रहेकाछन् ।वास योजनानिर्माणकालागि संकलन गरीएको तथ्याङ्क अनुसार मल्लरानीगाउँपालीकाको जनसंख्या

१७.८५ प्रतिशतलो वृद्धिभएको पाइन्छ जस मध्ये पुरुष ५१.३५ प्रतिशत (१०,७०४जना) र महिला४८.६५ प्रतिशत (१०,१३९जना) रहेकाछन् ।

तालिका नं २ जनसंख्या विवरण:

| वडा नं | २०६८ को जनगणना अनुसार | | | २०७६ को वास योजना सर्भेक्षण अनुसार | | |
|---|---|---|---|---|---|---|
| | पुरुष संख्या | महिला संख्या | जम्मा | पुरुष संख्या | महिला संख्या | जम्मा |
| १ | ११९९ | १६३५ | २,८३४ | १६७९ | १६२५ | ३३०४ |
| २ | १२७६ | १७०३ | २,९७९ | १९९२ | १८२३ | ३८१५ |
| ३ | १७३९ | २५१६ | ४,२५५ | २५९१ | २३५८ | ४९४९ |
| ४ | २२८४ | २८१६ | ५,१०० | २७२० | २६७५ | ५३९५ |
| ५ | १०४६ | १४७२ | २,५१८ | १७२२ | १६५८ | ३३८० |
| **जम्मा** | **७,५४४** | **१०,१४२** | **१७,६८६** | **१०७०४** | **१०१३९** | **२०८४३** |

## १.५ जातजाती विवरण:

वास योजना सर्भेक्षण २०७६ अनुसार गाउँपालिका भित्र कुल जनसंख्याको ३३ प्रतिशत ब्राहमण क्षेत्री, २६ प्रतिशत दलित, ४० प्रतिशत जनजाती र १ प्रतिशत अन्य जातजाती रहेको देखिन्छ ।राष्ट्रिय जनगणना २०६८ अनुसार मल्लरानी गाउँपालिका भित्र रहेका जातजाती ३५ प्रतिशत ब्राहमण क्षेत्री, २२ प्रतिशत दलित, ३८ प्रतिशत जनजाती र ५ प्रतिशत अन्य जातजाती रहेको देखिन्छ ।




चित्र नं १ गाउँपालिकामा रहेका जातजाती (राष्ट्रिय जणगणना २०६८)




चित्र नं २ गाउँपालिकामा रहेका जातजाती (वास सर्भेक्षण २०७६)

## १.७ मल्लरानी गाउँपालिको घरधुरी संख्याः

राष्ट्रिय जनगणना २०६८ अनुसार मल्लरानी गाउँपालिकाको कुल घरधुरी संख्या ४१२० रहेको देखिन्छ र मल्लरानी गाउँपालिकाको वास योजना सर्भेक्षण अनुसार ११.९९ प्रतिशतले कम भइ हाल कुल घरधुरी संख्या ३६२६ रहेको देखिन्छ ।

तालिका नं ३ घरधुरी संख्याः

| वडा नं | २०६८ को जनगणना अनुसार | २०७६ को वास योजना सर्भेक्षण अनुसार |
|---|---|---|
| १ | ५९२ | ५७५ |
| २ | ६४० | ६७४ |
| ३ | ९९८ | ९१० |
| ४ | १३५८ | ९४९ |
| ५ | ५३२ | ५१८ |
| **जम्मा** | ४,१२० | **३६२६** |

## २.१ मल्लरानी गाउँपालिकाको खानेपानीको अवस्था

### २.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक श्रोतहरु




| | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| असुरक्षित मूल | ९ | | १ | ४६ | ५ |
| योजनाको निजि धारा | ३८ | ५ | ७२ | ४३२ | २११ |
| योजनाको सार्वजनिक धारा | ३७० | ६४२ | ८२० | ३९५ | २४२ |
| संरक्षित मुहान | १५२ | १८ | १३ | ७५ | ६० |
| सतहको पानी ( खोला, ताल, खोल्सा, नहर) - (असुरक्षित) | ६ | ९ | ४ | १ | २० |

चित्र नं ३ खानेपानीको मुख्य श्रोत

मल्लरानी पालिकाका सबै ५ वटा वडाका ३६२६ घरधुरीको खानेपानी तथा सरसफाइ तथा स्वच्छता सर्वेक्षण गरि तथ्याकं संकलन गरिएको थियो । प्राप्त ध्व्क्ज् घरधुरी सर्वेक्षण प्रतिवेदन अनुसार ६१ (१.६८ प्रतिशत) असुरक्षित मुल, ७५८ घरधुरी (२०.९ प्रतिशत) घरधुरीहरुले निजि धारा, २४६९ (६८.०९ प्रतिशत) घरधुरीहरुले सार्वजनिक धारा, ३१८ (८.७७ प्रतिशत) संरक्षित मुहान र २० (०.५६ प्रतिशत) सतहको पानी प्रयोग गर्ने गरेको पाइयो ।

### २.१.२ गाउँपालिकामा खानेपानीको स्तरः

मल्लरानी गाउँपालिकाका सम्पुर्ण ३६२६ घरपरिवारहरुको खानेपानीको सुविधाको स्तर विश्लेषण गरिएको छ । जस्मा ३०९३ घरपरिवार आधारभुत स्तरमा, ३२२ सिमित सुविधा, ६१ असुरक्षित सुविधा, २३ सुरक्षित सुविधा र २० घरपरिवारहरु सतहको पानीको सुविधा प्रयोग गरिरहेका छन ।

### २.१.३ मौजुदा खानेपानी योजना प्रविधि




चित्र नं ४ खानेपानी योजनाको प्रविधि




चित्र नं ५ खानेपानीको सुविधा स्तर

तालिका नं ४ खानेपानी योजनाको प्रविधिः

| प्रविधि | वडा न १ | वडा न २ | वडा न ३ | वडा न ४ | वडा न ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| इलेक्ट्रिक लिफ्ट | ३८ | | १४१ | २३३ | ८ | ४२० |
| ग्राभीटी पाइप प्रणाली | ५३७ | ६७४ | ७५१ | ७१६ | ५१० | ३१८८ |
| मुहानको पानी | | | १८ | | | १८ |
| जम्मा | ५७५ | ६७४ | ९१० | ९४९ | ५१८ | ३६२६ |

घरपरिवार सर्वेक्षणमा पानीको पर्याप्तताको सर्वेक्षण गर्दा सबै कामका लागि पुग्छ भन्ने घरपरिवार ६८ प्रतिशत थिए, २० प्रतिशत घरपरिवारले पिउन, भान्सा तथा सरसफाइ गर्न पुग्छ,६ प्रतिशत घरपरिवारले पानी पिउन र भान्साको कामका लागि मात्र पुग्छ, ३ प्रतिशत घरपरिवारले पिउन मात्र पुग्छ र ३ प्रतिशत परिवारले पानी पुग्दैन भनेका थिए ।




चित्र नं ६ पानीको प्रयाप्तता




चित्र नं ७ पानी भरेर ल्याउने समय

खानेपानी पिउन योग्य छ कि छैन भनि गरिएको धारणा सर्वेक्षणमा ६४.९८ प्रतिशत घरपरिवारले पिउन योग्य छ , ३४.०४ प्रतिशत परिवारले पिउन योग्य छैन भने र ०.९८ प्रतिशत परिवारले थाहा छैन भने तर ७५.४२ प्रतिशत घर परिवारले पानी शुद्धीकरण नगरी प्रयोग गर्ने गरेका, १९.७८ प्रतिशत घरपरिवारले पानी कहिलेकांहि मात्र शुद्धीकरण गरेर प्रयोग गर्ने र ४.८० प्रतिशत परिवारले सधैं शुद्धीकरण गरेर प्रयोग गर्ने गरेको बताएका छन् ।




चित्र नं ८ घरधुरीमा खानेपानी शुद्दताको जानकारी




चित्र नं ९ घरधुरीमा खानेपानी शुद्धिकरणको अवस्था

तालिका नं ५ पानी भरेर ल्याउन लाग्ने समय

| पानी भरेर ल्याउने समय | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| १५ मिनेट भन्दा बढी ३० मिनेट सम्म | ८७ | २० | ६८ | ३७ | ५९ | २७१ |
| ३० मिनेट भन्दा बढी | १०५ | २९ | १८४ | ३५ | १२८ | ४८१ |
| ५ भन्दा बढी १५ मिनेट सम्म | २२२ | १४७ | ९३ | ११२ | ४४ | ६१८ |
| ५ मिनेट वा कम | १२२ | ४७८ | ५०१ | ३१५ | ८० | १४९६ |
| योजनाको निजि धारा | ३९ | | ६४ | ४५० | २०७ | ७६० |
| जम्मा | **५७५** | **६७४** | **९१०** | **९४९** | **५१८** | **३६२६** |

## २.१.४ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था)हरुमा खानेपानी सुविधा

२.१.४.१ शैक्षिक संस्थाहरुमा खानेपानी सुविधा

मल्लरानी गाउँपालिकाम  रहेका जम्मा २३ वटा सामुदायिक, संस्थागत विद्यालयहरु र क्याम्पस मध्ये १५ वटा आधारभुत तहका विद्यालय ७ वटा माध्यामिक तहका विद्यलय र १ वटा क्याम्पस रहेका छन । जम्मा २३ वटा विद्यालय मध्ये २३ वटामा  खानेपानीको सुविधा छ । खानेपानी उपलब्ध भएका जम्मा २३ वटा विद्यालय मध्ये २२ वटा विद्यालयमा पाईप प्रणलीबाट र १ वटा विद्यालयमा आकाशे पानी संकलन गरी प्रयोग गर्ने गरेका छन ।




चित्र नं १० विद्यालयमा खानेपानीको सुविधा

### २.१.४.२ स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधा

मल्लरानी गाउँपालिकामा भएका सम्पुर्ण ७ वटा स्वास्थ्य संस्थाहरु मध्ये ६ वटा स्वास्थ्य संस्थाहरुमा २४ सै घण्टा पानी उपलब्ध हुन्छ भने १ वटामा २४ सै घण्टा पानी उपलब्ध हुंदैन ।




चित्र नं ११ स्वास्थ्य संस्थाहरुमा खानेपानीको उपलब्धता




चित्र नं १२ स्वास्थ्य संस्थाहरुमा खानेपानीको सुविधा

## २.२ सरसफाइ तथा स्वच्छताको अवस्था

### २.२.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था

मल्लरानी गाउँपालिकाका कुल ३६२६ घरधुरीमा घरपरिवार सर्वेक्षण गरिएको थियो । सर्वेक्षण गरिएको तथ्याङ्क अनुसार मल्लरानी पालिकामा हाल सम्म पनि करिव ४०.२ प्रतिशत घरपरिवार आफ्नै एक खाल्डे पक्कि शौचालय प्रयोग गरेको देखिन्छ र ३०.१४ प्रतिशत घरपरिवारको पक्कि तर बाहिरी संरचना नभएका शौचालय छन, १२.४ प्रतिशत घरपरिवारले कच्चि शौचालय, १२.२ प्रतिशत आफ्नै सेफ्टि टेंकि जोडिएको लेदो प्रशोधन नगरीएको पक्कि शौचालय, ३.५ प्रतिशत घरपरिवारले पक्कि शौचालय साझेदारीमा, १.०७ प्रतिशत आफ्नै सेफ्टि टेंकि जोडिएको ढल प्रशोधन नगरीएको पक्कि शौचालय, ०.४१ प्रतिशत गोबर ग्याँस जडित शौचालय र ०.०८ आफ्नै दुइ खाल्डे पक्कि शौचालय रहेका छन । मल्लरानी गाउँपालिका प्रत्येक घरका आफ्नै स्थायी शौचालयका सन्दर्भमा पनि अब खाडल भरियो भने के गर्ने भन्ने बारे पनि सोच्ने समय आइसकेको छ, तर एउटा मात्र खाडल भएको शौचालयमा खाडलमा भएको फोहोर कम्पोष्ट हुन पाएको हुदैन त्यसैले यो भरिएमा खालीगर्न गाह्रो हुन्छ । त्यसैले पूर्ण सरसफाइ कार्यक्रममा दुई खाल्डे चर्पीलाई प्रर्बद्धन गर्ने पनि एजेण्डा हुनुपर्छ जसले गर्दा सबै घर परिवारलाई अर्को खाल्डो कहाँ खन्ने भनेर सोच्न प्रोत्साहित गरोस ।



| | आफ्नै एक खाल्डे पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको ) | आफ्नै दुइ खाल्डे पक्कि चर्पी | आफ्नै सेप्टीक टंकी जोडिएको पक्कि चर्पी (ढल प्रशोधन नगरिएको) | आफ्नै सेप्टीक टंकी जोडिएको पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको) | कच्ची चर्पी | गोवर ग्याँस जडित शौचालय | जमिन सम्म पक्कि तर बाहिरी संरचना नभएको | पक्कि चर्पी (साझेदारी) |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं १ | २०६ | | | | १५८ | | २०५ | ६ |
| वडा नं २ | ६३ | २ | | ५ | ९४ | | ४७९ | ३१ |
| वडा नं ३ | ७३० | १ | | | २६ | ८ | ८४ | ६१ |
| वडा नं ४ | ३७३ | | ३९ | ४३३ | ८५ | ५ | | १४ |
| वडा नं ५ | ८१ | | | ५ | ९० | २ | ३२५ | १५ |
| जम्मा | १४५३ | ३ | ३९ | ४४३ | ४५३ | १५ | १०९३ | १२७ |

चित्र नं १३ गाउँपालिका भित्र चर्पिको अवस्था

ठोस फोहोर व्यवस्थापनको अवस्था झनै कहाली लाग्दो नै छ, करिब ९९.९९ प्रतिशत घरपरिवारको फोहोर व्यवस्थापन स्वयमले नै गर्ने र ०.००१ प्रतिशत घरपरिवारको फोहोर सेवा प्रदायकले फोहोर संकलन गर्ने गरेको पाइयो। घरपरिवारमा करिब ९ प्रतिशत घरपरिवारले कुहिने, नकुहिने र पुन प्रयोगमा आउने फोहोर अलग अलग गर्ने गरेका, करिब १५ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर अलग अलग गर्ने गरेका, करिब ७६ प्रतिशत सबै किसिमका फोहोर एकौ स्थानमा संकलन गर्ने गरेका छन ।




चित्र नं १४ गाउँपालिकाको ठोस फोहोर संकलन विधि




चित्र नं १५ वडा स्तरीय फोहोर संकलन विधि




चित्र नं १६ फोहोर संकलन निकाय

यस गाउँपालिका भित्र जम्मा १ वटा सार्वजनिक शौचालय छ । तथापी संचालनमा आएको १ वटा सार्वजनिक शौचालयमा सरसफाइको अवस्था सन्तोषजनक रहेको छैन । सार्वजनिक शौचालय प्रयोग गरे वापत शुल्क निर्धारण गरिएको छ। सार्वजनिक शौचालयहरुको मर्मत संभार तथा संचालन एउटा चुनौतीको रुपमा रहेको छ ।

### २.२.२ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

मल्लरानी गाउँपालिकामा रहेका सम्पुर्ण सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुको सरसफाइ तथा स्वच्छताको शौचालयहरुमा पानीको उपलब्धता, पर्याप्तता, साबुनपानी र हातधुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापनआदि सुचक राखेर तथ्याङ्क लिइएको थियो ।

मल्लरानी गाउँपालिकामा रहेका सम्पूर्ण २३ वटा सामुदायिक तथा संस्थागत विद्यालयहरु मध्ये २३ वटै विद्यालयमा शौचालय छन ।जम्मा २३ विद्यालय मध्ये ८ वटा विद्यालयमा पानीको सुविधा सधैभरी हुने र ८ वटा विद्यालयमा पानीको सुविधा सधै नहुने रहेको छ । शौचालय भएका २३ विद्यालय मध्ये १८ विद्यालयमा मात्र लैङ्गिक रुपले सुरक्षित शौचालय रहेका छन भने ५ वटा विद्यालयको शौचालय महिला र पुरुष छुट्टाछुट्टै नभएको पाइयो । त्यस्तै जोखिमपुर्ण अवस्थामा साबुनपानीले १७ वटा विद्यालयमा मात्र हात धुने सुविधा उपलब्ध छ र बाँकी ६ वटा शैक्षिक संस्थामा सानुन पानीले हात धुने व्यवस्था नभएको वास सर्भेक्षणले देखाउछ । शैक्षिक संस्थाहरुको सरसफाई सुविधाको विवरण अनुसुचि मा दिइएको छ ।




चित्र नं १७ विद्यालयको चर्पिमा पानिको उपलब्धता




चित्र न १८ विद्यालयको चर्पिको पहुँचको अवस्था

६




चित्र नं १९ विद्यालयमा स्वच्छताको सुविधा

तालिका नं ६ विद्यालयमा पानी र सरसफाईको अवस्था

| क स | विद्यालयको नाम | टोल वा समुदाय | वडा | शौचालय छ/छैन | लैङ्गिक मैत्रि | पानीको व्यवस्था | अपाङ्गमैत्रि सुविधा | हात धुने सुविधा | महिनावारी व्यवस्थापन सुविधा | सरसफाइको अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जन ज्योति प्रा बि अगेरपोखरी | अयरपोखरी | १ | छ | छैन | छ | छैन | छैन | छैन | सन्तोषजनक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | श्री खलंगा आधारभुत विद्यालय | खलंगा | ४ | छ | छ | छ | छैन | छ | छ | सन्तोषजनक |
| ३ | मल्लरानी इङ्लिश बोर्डिङ स्कुल | खलंगा | ४ | छ | छैन | छ | छैन | छ | छ | सन्तोषजनक |
| ४ | श्री महेन्द्र माध्यमिक विद्यालय | खलंगा | ४ | छ | छ | छ | छैन | छ | छ | सन्तोषजनक |
| ५ | श्री भुमी आधारभुत विद्यालय | सोरङ्गकोट | ५ | छ | छ | छ | छैन | छैन | छ | राम्रो |
| ६ | प्युठान क्याम्पस | खलंगा | ४ | छ | छ | छ | छैन | छ | छ | सन्तोषजनक |
| ७ | श्री जनजागृती माध्यमिक बिधालय | कसेरी | ४ | छ | छ | छ | छैन | छ | छ | सन्तोषजनक |
| ८ | श्री जनकल्याण आधारभूत विद्यालय | मुन्डाडा | ३ | छ | छ | छ | छैन | छ | छ | सन्तोषजनक |
| ९ | श्री जनजागृति प्राथमिक विद्यालय | जेविन्डाँडा | ३ | छ | छैन | छ | छैन | छैन | छ | सन्तोषजनक |
| १० | श्री शारदा माध्यमिक विद्यालय | चौरपानी | ३ | छ | छ | छ | छैन | छ | छ | सन्तोषजनक |
| ११ | श्री सरस्वती प्रा बि | मुरभुङ्ग | २ | छ | छ | छ | छैन | छ | छ | राम्रो |
| १२ | अमरज्योती प्राथमिक विद्यालय | डाँडापोखरा | ३ | छ | छ | छ | छैन | छ | छ | सन्तोषजनक |
| १३ | श्री सरसती आधारभुत विद्यालय | धरमपानी | ३ | छ | छ | छ | छैन | छ | छ | सन्तोषजनक |
| १४ | श्री भानुभक्त मा बि विद्यालय | बर्वोट | ३ | छ | छ | छ | छैन | छ | छ | राम्रो |
| १५ | श्री भैरवनाथ प्राथमिक बिधालय | पाँण्डेडाँडा | ४ | छ | छ | छ | छैन | छ | छ | राम्रो |
| १६ | श्री पालुसिद्व नेरा प्रा बि | खरिण्डाँडा | २ | छ | छ | छ | छैन | छ | छ | राम्रो |
| १७ | श्री जगदम्बा प्रा बि | चुँजाखर्क | २ | छ | छ | छ | छैन | छ | छ | राम्रो |
| १८ | श्री जनकल्याण प्रा बि | खन्निखोला | २ | छ | छ | छ | छैन | छैन | छ | राम्रो |
| १९ | श्री अमर माध्मीक बिधालय | चुँजा | २ | छ | छ | छ | छैन | छैन | छ | राम्रो |
| २० | श्री बालबिकास प्रा बी | बुकेनी | ३ | छ | छैन | छ | छैन | छ | छ | सन्तोषजनक |
| २१ | श्री जन जागृति प्राथमिक विद्यालय | अरबाङ्ग | १ | छ | छैन | छ | छैन | छ | छैन | सन्तोषजनक |
| २२ | श्री जनता माध्यमिक विद्यालय | सोलहाल्ना | १ | छ | छ | छ | छैन | छ | छ | धेरै राम्रो |
| २३ | श्री खडेगस्वरी प्राथमिक विद्यालय | चुन्द्रिखोला | १ | छ | छ | छ | छैन | छैन | छ | राम्रो |

## २.२.३.स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

मल्लरानी गाउँपालिकामा भएका जम्मा ७ वटा स्वास्थ्य संस्थाहरु मध्यै ७ वटैमा शौचालय छ । ७ वटा स्वास्थ्य संस्थाहरु मध्ये ५ वटामा साबुन पानिले हात धुने सुविधा भएको र बाँकी २ वटामा साबुन पानिले हात धुने सुविधा नभएको पाईयो । जम्मा ७ वटा शौचालय मध्ये २ वटा स्वास्थय संस्थामा शौचालय अपाङ्गमैत्री भएका र अपाङ्गमैत्री शौचालय भनएका स्वास्थ्य संस्था ५ वटा रहेका छन् । स्वास्थ्य संस्थाहरुमा सरसफाई र स्वच्छताको अवस्था राम्रो देखियो ।स्वास्थ्य संस्थाहरुमा ठोस फोहोर संकलनका लागि १ वटामा फोहोेर प्रशोधन नगरीएको तर मेडिकल pmोहोर व्यवस्थापनको व्यवस्था रहेको, ४ वटा स्वास्थ्य संस्थाहरुमा फोहोर प्रशोधन गरी जलाउने गरीएको छ भने २ वटामा प्रशोधन नगरी जलाउने गरेको पाईएयो ।




चित्र नं २० स्वास्थ्य संस्थामा अपाङ्गमैत्री शौचालयको सुविधा




चित्र नं २१ स्वास्थ्य संस्थामा स्वच्छताको सुविधा




चित्र नं २२ स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापन सुविधा

चित्र नं २२ अनुसार फोहोर प्रशोधन गरि खुला जलाउने ४ वटा, फोहोर प्रशोधन गरि जलाउने २ र फोहोर प्रशोधन नगरी मेडिकल फोहोर व्यवस्थापनका लागी संकलन गर्ने स्वास्थ्य संस्थाको संख्या १ रहेकोछ ।

तालिका नं ७ स्वास्थय संस्थामा पानी र सरसफाईको अवस्था

| क स | स्वास्थ्य संस्थाको नाम | वडा | टोल | म/पु का लागि भिन्दा भिन्दै | पानीको उपलब्धता | अपाङ्गमैत्रि सुविधा | हात धुने सुविधा | महिनावारी व्यवस्थापन सुविधा | सरसफाइको अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खलंगा प्राथमिक स्वास्थ्य केन्द्र | ४ | खलंगा | छैन | छ | छैन | छ | छ | सन्तोषजनक |
| २ | खैरा स्वास्थ्य चौकी | ५ | खैरा | छैन | छ | छैन | छैन | छ | सन्तोषजनक |
| ३ | धरमपानी स्वास्थ्य चौकि चुजाँठाटी | ३ | चुँजाठाटी | छैन | छ | छ | छ | छ | सन्तोषजनक |
| ४ | सामुदायिक स्वास्थ्य इकाई | ३ | निशुनटाकुरा | छैन | छ | छ | छ | छ | सन्तोषजनक |
| ५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | २ | चुँजा | छैन | छ | छैन | छैन | छ | सन्तोषजनक |
| ६ | चुजा स्वास्थ्य चौकि | १ | सोलहाल्ना | छैन | छ | छैन | छ | छैन | सन्तोषजनक |
| ७ | शहरी स्वास्थ्य चौकि | ५ | सरङ्गकोट | छैन | छ | छैन | छ | छ | सन्तोषजनक |

# परिच्छेद ३ सरसफाइका लागि भएका प्रयास र वर्तमान अवस्था विश्लेषण

यस गाउँपालीकाम रहेका ३६२६ घरधुरीमध्ये १४५८ घरपरिवारले आफ्नै एक खाल्डे पक्कि शौचालय प्रयोग गरेको देखिन्छ, १०९३ घरपरिवारले पक्कि तर बाहिरी संरचना नभएका शौचालय छन, ४५० घरपरिवारले कच्चि शौचालय, ४४३ आफ्नै सेफ्टि टेंकि जोडिएको लेदो प्रशोधन नगरीएको पक्कि शौचालय, १२८ घरपरिवारले पक्कि शौचालय साझेदारीमा, ३९ घरपरिवारले आफ्नै सेफ्टि टेंकि जोडिएको ढल प्रशोधन नगरीएको पक्कि शौचालय, १५ घरपरिवारले गोबर ग्याँस जडित शौचालय र ३ घरपरिवारले दुइ खाल्डे पक्कि शौचालय रहेका छन । सम्पूर्ण घरपरिवारले महिनावारी भएको समयमा पनि महिलाहरुलाई चर्पी प्रयोग गर्न दिने चलन छ । गाउँपालीका भित्र रहेका धेरैजसो सरकारी तथा बोडिङ्ग बिद्यालयमा चर्पी, पिसाब गर्ने निश्चित स्थान र फोहोर ब्यवस्थापन खाडल, साबनपानीले हात धुने ठाउँ उपलब्ध भएपनि केही सरकारी विद्यालय तथा बोडिङ्गमा युरिनल शौचालय, बालविकासहरुमा साबनपानीले हात धुने तथा फोहोर फ्याक्ने ठाउँ रहेका छैनन् । त्यसै गरी, गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, शौचालयको सुविधा छ भने सबै कार्यालयमा प्रयोगकर्ता मैत्री शौचालय, हात धुने स्थान, पानी शुद्धिकरण गरी पिउने व्यवस्था र फोहोरको पूर्णरुपमा उचित व्यवस्थापन गर्न बाँकी नै छ । खानेपानीको सुविधा सम्बन्धमा यस गाउँपालीका अन्तरगत १४९ वटा खानेयोजना सञ्चालनमा रहेका र त्यी खानेपानी योजनाहरुबाट प्रायः सबै बस्तीहरुमा खानेपानीको सुविधा (सुख्खायाममा अप्रयाप्त) पुगेको छ । सबै बिद्यालयहरुमामा खानेपानी सुविधा उपलब्ध भएपनि पानी शुद्धिकरण गरी पिउने सुविधा अधिकांश विद्यालयमा रहेको छैन् ।

## ३.१ अवस्था विश्लेषणः

- समुदायस्तरमा आधारभूत तहको खानेपानीको अप्रयाप्त हुनुको साथै सुरक्षित खानेपानीको महत्व तथा सरसफाइ तथा स्वच्छताबारे जनचेतनाको कमी ।
- व्यक्तिगत, घरायसी र संस्थागत स्तरमा साबुन पानीले हातधुने व्यवस्था र अभ्यासको अवस्था कमजोर रहेको आदि।
- स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि स्पष्ट नीति र योजना बनाइ सोही अनुसार ।
- स्वास्थ्य र सरसफाइ तथा स्वच्छता सम्वन्धी प्राप्त ज्ञान र सीप प्रयोगको अभ्यासमा नल्याउनु ।
- वातावरणीय सरसफाइ समुदायको प्राथमिकतामा नपर्नु ।
- जैविक तथा अजैविक फोहोरको वर्गिकरण गरी विर्सजन गर्ने परिपाटीमा कमी हुनु ।
- योजना निर्माणको क्रममा स्वास्थ्य, सरसफाइ तथा स्वच्छताको विषय विकासको मुख्य प्राथमिकतामा पर्नु नसक्नु ।
- प्रभावकारी अनुगमन र मुल्याङकनको कमी ।
- एक घर एक व्यवस्थित करेसावारीको अभियानलाई प्रभावकारी ढंगले संचालन गर्न नसकिएको ।
- सार्वजनिक स्थलमा फोहर फाल्नलाई डस्टविन तथा सेनेटरी ल्याण्डफिल साइडको व्यवस्था गर्न नस्कनु ।
- सचेतनामुलक कार्यक्रमको कमी ।
- विद्यालयहरुमा सरसफाइक तथा स्वचतताको लागि आवश्यक पर्ने संरचनाहरु जस्तै ःः खानेपानीको प्रयाप्तता, पानी शुद्धिकरण गर्ने फिल्टर वा अन्य व्यवस्था, सामुहिक रुपमा साबुनपानीले हात धुने ठाउँ, महीनावारी व्यवस्थापन सुविधा ई. को कमी तथा भएका संरचनाहरुको पनि उचित प्रयोग तथा अभ्यास नहुनु, आदी ।

## ३.२ पूर्ण सरसफाइ अभियानका समस्या तथा चुनौतीहरु

आज संसार २१औं शताव्दिको विकासको चरम उत्कर्षमा पुग्दा पनि हामी गाउँपालीका वासीहरु अझै पनि पुर्ण रुपमा शौचालयको प्रयोग गर्न, सावुन पानीले हात धुने सामान्य विधि र प्रकृया अपनाउन, खाना तथा पानीलाई सफा तथा स्वच्छ रुपमा प्रयोग गर्ने सामान्य कुरा पालना गर्न, पशु गोठको उचित व्यवस्थापन लगायतका काम गर्न नसकेर सरसफाइको क्षेत्रमा पछाडी परेका छौं । सरसफाईको व्यवहारमा सुधार गर्न नसक्नाका कारणहरु तथा सरसफाइ प्रवद्र्धनको लागि बाधकको रुपमा रहेका समस्याहरुलाई निम्नानुसार सुत्रबद्ध गर्न सकिन्छ ।

- सबै वडा वासीहरुको मा रहेका केहि मानिसहरुमा मानसिक चिन्तन अझै पनि खुला रुपमा दिसा पिसाव गर्ने, फोहरको बेवास्ता गर्ने, सरसफाइलाइ खासै महत्व नदिने र असुरक्षित खानेकुरा खाने प्रचलन केही हदसम्म हालसम्म रहिरहनु ।
- असल नागरिक उत्पादन गर्ने लक्ष्यका साथ शैक्षिक संस्थाहरुमा रहेर समाज तथा बालबालीकाको कलिलो मस्तिष्कमा सहि ज्ञान र व्यवहारको विकास गर्ने जिम्मेवारी पाएका शिक्षक वर्गहरु, समाज परिवर्तन गर्नेे लक्ष्यले समाजको अगुवाई गरिरहेका राजनीतिक कर्मीहरु, सामाजिक परिवर्तनको कसम खाएर संघ संस्थामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरु, आफुलाई समाजको अगुवा ठान्ने व्याक्तिहरु (जो आज समाज परिवर्तनका व्यवहारिक क्षेत्रका नमुना बन्नु पर्ने थियो) मध्ये धेरै जसो यथार्थमा सामाजिक परिवर्तनको ठुला कुरा गर्ने र त्यसलाई व्याख्यामा मात्र सिमित राख्ने तर व्यवहारमा भने उनीहरु आफै जोखिमपूर्ण अवस्थामा सावुन पानीले हात नधुने, पानी शुद्धिकरण नगरी पिउने र वातावरणलाई प्रदुषित गर्ने गरिरहेका छन् । यो गलत प्रवृति सरसफाई प्रवद्र्धनको अभियानमा एउटा प्रमुख समस्या तथा चुनौतिको बिषय बनेको छ ।
- हामी हाम्रा घर आफै बनाउन, जग्गा किन्न, चाड पर्व मनाउन, दैनिक आवश्यक सामग्री किन्न, छोरा—छोरीको विवाह तथा व्रतबन्ध गर्न, मोवाइल, टी. भी. रेडियो चलाउन, धार्मिक कार्य गर्न, घरमा बिद्युत तथा सोलार लगाउनका साथै अन्य फजुल खर्च गर्न आफ्नो सम्पत्तिले भ्याएन भने अरुसंग सरसापट गरेर चलाउछौं तर आफ्नो दिसा पिसाब व्यवस्थित गर्नको लागि चर्पी बनाउने तथा सफा र सुरक्षित राख्ने, पानी शुद्धिकरण गर्ने, जोखिमपूर्ण अवस्थामा साबुनपानीले हात धुने, गोठ तथा आफ्नो घरबाट निस्केको फोहोरको उचित व्यवस्थापन गर्ने कार्यलाई आफैले लगानी गर्न सकिदैन भन्दै अरु संस्थासंग अनुदानको मुख ताकेर बस्ने हाम्रो गरिबी मानसिकता सरसफाई प्रवद्र्धनमा एउटा बाधक तत्व तथा आजको प्रमुख समस्या हो ।
- नियमित रुपमा चर्पी सफा तथा स्तरोन्नती नगरी प्रयोग गर्नाले दुर्गन्ध फैलिनु ।
- शैक्षिक संस्था, सरकारी कार्यालय र अन्य सामुदायिक भवनमा खानेपानी र शौचालयको प्रयाप्त व्यवस्था नहुनु, भएका शौचालयहरु प्रयोगकर्ता मैत्री नहुनु र उचित किसिमले प्रयोगमा नल्याउनु ।
- जोखिम पूर्ण अवस्थामा सावुनपानीले हात धुने र पानीको शुद्धिकरण गरेर मात्र पिउनुपर्ने वारेमा जनचेतनामा कमीहुनु र भएर पनि बानी–व्यवहारमा नल्याउनाले समस्या रहेकोछ ।
- घरायसी, शैक्षिक संस्था र कार्यालयहरुमा सावुनपानी सहितको हात धुन ठाउँको उचित व्यवस्था नहुनु ।
- सरसफाईको अवस्थामा सुधार ल्याउन खानेपानी प्रयाप्त हुनु पर्दछ तर वडामा रहेका बिद्यालय, स्वास्थ्य संस्था, गाउँपालिका, वडा कार्यालय तथा अन्य संघ संस्थामा आवश्यकता अनुसार खानेपानीको सुबिधा पुर्‍याउन नसक्नु तथा भएका खानेपानी योजना तथा स्रोतको उचित व्यवस्थापन हुन नसक्दा असुरक्षित पानीको प्रयोग भईरहेको छ ।
- हाम्रा घरका संरचना अनुसार भुईंतलामा गोठ राख्ने र माथिल्लो तलामा मानिसको बसोवास गर्ने वा घर र गोठ नजिकै बनाउने चलनछ । यी गोठहरुबाट उब्जने गोवर, मुत्र तथा ठोस फोहरका कारण घर आसपास अत्याधिक फोहर भै झिंगाको विकास हुने हुँदा चर्पी बनाएर प्रयोग गर्दैमा झिंगाहरुको अन्तहुने संभावना कम छ तसर्थ पशुहरुको लागि सुरक्षित स्थानमा गोठ व्यवस्थापन गर्ने कार्य प्रमुख चुनौतिपूर्ण रहेकोछ ।
- दिनानुदिन बढ्दै गएको वन विनासकोे कारण भएका पानीका स्रोतहरु दिनप्रतिदिन सुक्दै गईरहेका अवस्थामा खानेपानीको आपूर्ती जटिल बन्दै गैरहेको छ ।
- वढदो वजारीकरणले कारण प्लाष्टिकजन्य वस्तुको प्रयोग दिन प्रतिदिन वढदै गएको तर त्यसको उचित व्यवस्थापन नहुदा पर्यावरणमा असर, कृषि उत्पादनमा ह्रास र सरसफाइ प्रवद्र्धनमा समस्या थपिइरहेकोे छ ।
- गाउँपालीका र सबैवडास्तरका सरोकारवाला, राजनैतिक दलहरु, समुदायका मानिसहरु अभियानमुखि मात्र भएकाले खानेपानी तथा सरसफाईको क्षेत्रमा दिगोपनाको वारेमा योजना नहुनु ।

## ३.३ पूर्ण सरसफाइ अभियानका संभावना र अवसरहरु

राष्ट्रीय सरसफाइ गुरुयोजना २०६८, पूर्ण सरसफाइ मार्गदर्शन २०७३ ले सन २०३० सम्म नेपाललाई पूर्ण सरसफाइ युक्त नेपाल बनाउने लक्ष्य लिएको तथा जिल्ला खुल्ला दिशामुक्त घोषणा पश्चात अनुरुप प्युठान जिल्लामा जिल्ला स्तरिय सरसफाई रणनैतिक तयार पारि (यद्यपि पुनरावलोकन गर्नुपर्ने र) केही मात्रामा भएपनि सरसफाइ अभियान संचालन भइरहेको परिपेक्ष्यमा गाउपालिका तथा

वडा स्तरमा पूर्ण सरसफाइको अवस्था हासिल गर्न आवश्यक वातावरण बनेको अवस्था छ । यस गाउँपालीकामा अवस्थित विद्यालय तथा विभिन्न संघ संस्थाहरुमा शौचालय तथा सामान्य खानेपानीको व्यवस्था भएको देखिन्छ । हाल वडा स्तरीय सरसफाई समन्वय समिति गठन भई कार्य गर्न शुरु गरेको पाईन्छ । यस गाउँपालीकामा भएको खानेपानी सरसफाइ र स्वच्छताका बिषयमा संस्थागत संरचना तथा निम्नानुसारका सवल पक्षहरु संभावना र अवसरमा रुपमा रहेका छन् ।

| संभावित अवसर | सहयोग प्राप्त हुने संभावित क्षेत्र |
|---|---|
| गैरसरकारी निकाय तथा कार्यक्रम (पहल, सुआहार) हरु | • घरभेट, जनचेतना, अभियान संचालन, समुदाय परिचालनमा सहयोग हुने,<br>• क्षमता अभिवृद्धी, निमार्ण कार्य तथा अन्य प्राविधिक सहयोग ।<br>• अनुगमन तथा सुपरिवेक्षणमा सहयोग । |
| गाउँपालिका तथा वडा कार्यालय | • नीती नियम तथा योजना निर्माण र कार्यान्वयमा सहयोग ।<br>• विभिन्न निकाय, संघ संस्थाहरुसंग समन्वय तथा आर्थिक संकलन ।<br>• आर्थिक, प्राविधिक तथा निमार्ण कार्यमा सहयोग ।<br>• अनुगमन तथा सुपरिवेक्षणमा सहयोग । |
| राजनीतिक दल | • घरभेट कार्यक्रम, अभियान संचालन, समुदाय परिचालनमा सहयोग ।<br>• नीती नियम निर्माण र कार्यान्वय गर्नमा सहयोग ।<br>• अनुगमन तथा सुपरिवेक्षणमा सहयोग । |
| शैक्षिक संस्था परिवार | • सूचना संप्रेषणमा सहयोग हुने ।<br>• घरभेट अभियानमा विद्यार्थी परिचालन गरी सहयोग ।<br>• दवावमुलक कार्य संचालनमा ।<br>• अनुगमन तथा सुपरिवेक्षणमा सहयोग । |
| वाल तथा युवा क्लव/ जुरेस, समुदायमा रहेका विभन्न समुह, समिति र सामुदायिक संस्था | • घरभेट, जनचेतना, अभियान संचालन, समुदाय परिचालनमा सहयोग हुने,<br>• दवावमुलक कार्य संचालनमा ।<br>• निती नियम वनाउन र कार्यान्वयमा सहयोग ।<br>• अनुगमन कार्यमा सहयोग ।<br>• अशक्त परिवारलाई आर्थिक, जिन्सी तथा श्रम सहयोग । |
| स्वास्थ्य संस्था तथा महीला स्वास्थ्य स्वयंसेविकाहरु | • घरभेट, जनचेतना, अभियान संचालन, समुदाय परिचालनमा सहयोग हुने,<br>• स्वास्थ्य केन्द्रमा आउनेलाई परामर्श ।<br>• निती नियम वनाउन र कार्यान्वयमा सहयोग ।<br>• अनुगमन तथा सुपरिवेक्षणमा सहयोग । |
| ग्रामीण सडक | • पर्यटकहरुको आगमनमा सहज<br>• आवतजावत तथा सामाग्रीहरु ढुवानी गर्न सहज |

## ३.४ समस्या समाधानका उपाय तथा रणनीति

### ३.४.१ कार्य सञ्चालन पद्धति र कार्यक्रम

कार्ययोजनाले लिएको लक्ष्य तथा उद्धेश्य प्राप्त गर्न यस वडामा कार्यरत विभिन्न सरकारी, गैह सरकारी तथा निजी क्षेत्रको संयुक्त प्रयासबाट मात्र सम्भव हुने भएकाले यसका लागि निम्न लिखित पद्धति–रणनीति अनुसार गतिविधिहरु सञ्चालन गर्ने गरी कार्यक्रमहरु तय गरिने छन ।

- स्थानीय तहको नेतृत्व

संघीयताको मान्यता र नीतिअनुसार स्थानीय तहमा गरिने हरेक विकास निर्माण कृयाकलापको जिम्मेवारी स्थानीय तहको हुने र सरसफाइ गुरुयोजना अनुसार पनि सरसफाइ प्रवद्र्धनको मुख्य जिम्मेवारी स्थानीय तहले लिनेछ । खानेपानी, सरसफाइ र स्वच्छताका गतिविधि सञ्चालन गर्दा सरसफाइ गुरुयोजना, गाउपालिकाको रणनैतिक योजना र वडाको सरसफाइ रणनीतिक कार्ययोजनालाई आधार मानी कार्यक्रम संञ्चालन गरिनेछ ।

- सरोकारवालाहरुको साझेदारी

सरसफाइ क्षेत्रका सरोकारवालाहरुको योजना तर्जुमा देखि अनुगमन तथा मुल्यांङकनको तहसम्म दोहोरोपना नहुने गरी कार्यगत साझेदारीमा वडा स्तरमा पूर्ण सरसफाइ अभियानका कृयाकलापहरु संचालन गरिनेछ ।

- समुदायको अपनत्व

चर्पीको दिगोपना तथा मर्मत सम्भार साथै पूर्ण आनीबानी परिवर्तनका सबै कृयाकलापमा समुदायको अगुवाइ र अपनत्व हुनु जरुरी देखिन्छ । तसर्थ वडा स्तरमा संचालन गरिने सबै सरसफाइ सम्वन्धी कृयाकलापहरुमा समुदायको अगुवाइ र सहभागितामा कार्यक्रम संञ्चालन गरिनेछन् । समुदायको अगुवाइमा पूर्ण सरसफाइ (ऋीत्क्) र विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ (क्ीत्क्) अवधारणको अवलम्वन गर्दै समुदायस्तरमा सरसफाइ सम्वन्धी कार्यक्रम संञ्चालन गरिनेछ ।

# परिच्छेद ४ खानेपानी सरसफाइ तथा स्वच्छता (WASH ) को रणनीति योजना

खुला दिसामुक्त घोषणाको प्रतिफललाई दिगो बनाउन तथा घोषणा अवधीमा बाँकी महशुस गरिएका क्रियाकलापहरुको परिपुर्ती गर्न तथा पूर्ण सरससफाईका सूचकमा आधारित भई सरसफाईका क्रियाकलाप संचालन गर्न, सरसफाई व्यवहार परिवर्तनको क्षेत्रमा आमुल परिवर्तन ल्याई यस मल्लरानी गाउँपालीका लाई पूर्ण सरसफाई युक्त नमुना गाउँ बनाउने उद्धेश्यका साथ सबै वडाको सरसफाइ तथा स्वच्छताको अवस्था पहिचान, योजना तयार, स्रोत साधनको परिचालन, प्रभावकारी कार्यान्वयन गरि छिटो भन्दा छिटो सफलता हासिल गर्नका लगि वडास्तरीय पूर्ण सरसफाइ रणनैतिक योजनाको आवश्यकता महशुस गरि यो रणनैतिक योजना तयार गरिएको छ ।

## ४.१ सोच

मल्लरानी गाउँपालिका मा बसोबास गर्ने सम्पूर्ण बसिन्दाहरुको खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धि बानीब्यवहार परिवर्तन गरि स्वास्थ्य अवस्थामा सुधार ल्याउने तथा आर्थिक समुन्नति र वातावरण मैत्री सामाजको निर्माण गर्नु रहेको छ ।

## ४.२ लक्ष्य र नारा

- लक्ष्यः मल्लरानी गाउँपालिका लाई वि.सं. २०८० चैत्र मसान्त सम्म पुर्ण सरसफाई उन्मुख क्षेत्र गाउँपालीका घोषणा गर्ने ।
- नाराः "सफा र सुरक्षित चर्पी, हात, खाना, घरआगन वातावरण र पानी ।
  पूर्ण सरसफाइयुक्त वानी, मल्लरानीको स्वस्थ, समृद्ध र प्रतिष्ठित जिन्दगानी ।।"

"पूर्ण सरसफाइ युक्त समूदाय सभ्यताको पहिचान,
बि.सं. २०८० सम्ममा पूर्णता मल्लरानीको अभियान"

## ४.३ उद्देश्य

- गाउँपालीकामा रहेका सवै घर, शैक्षिक संस्था, सरकारी कार्यालय, सामुदायिक भवन, संस्थाका कार्यालय र सार्वजनिक स्थानमा स्वस्थकर चर्पीको व्यवस्था भई उचित रुपमा प्रयोग भएका हुनेछन् ।
- सबैवडामा रहेका सवै घरधुरी/शैक्षिक संस्था
- सरकारी कार्यालय/सामुदायिक भवन र संस्थाका कार्यालयहरुमा सुरक्षित खानेपानीको सहजै पहुँचमा अभिवृद्धी भई सुरक्षित खाना र सुरक्षित खानेपानीको प्रयोग गर्ने कुनै एक विधि अवलम्वन गरेका हुनेछन् ।
- साबुनपानीले हात धुने वानी लगायतका व्यात्तिगत सरसफाइ सम्बन्धि जनचेतना अभिवृद्धी भई व्यवहारमा प्रयोग गरेका हुनेछन् ।
- घर/आगन/टोल/ गाउँ र सार्वजनीक स्थल वरपरको वातावरण सफा स्वच्छ र सुन्दर भई सरसफाई प्रर्यटकीय गाउँको रुपमा विकास भएको हुनेछ ।
- वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको संस्थागत विकास भएको हुनेछ ।

## ४.४ रणनीति

- खुल्ला दिसामुक्त पछिको अवस्थाको विश्लेषण गरि वडाको सरसफाई तथा स्वच्छताका अवस्था पहिचान गर्ने । वडामा रहेको स्रोत र साधनको पहिचान गरि परिचालन गर्न कार्ययोजना तयार पार्ने ।
- वडा कार्यालय, वाडवाससिसि, विद्यालय, स्वास्थ्य चौकीले पूर्ण सरसफाइको अभियान अगाडि वढाउन सरोकारवाला सवैलाई समेट्नको लागि मुख्य जिम्मेवारी लिने ।
- वडा कार्यालय तथा अन्य सरोकारवाला निकायहरुले बार्षिक कार्यक्रम तथा वजेट विनियोजित गर्ने क्रममा खानेपानी, पूर्ण सरसफाई तथा आनीवानी परिवर्तनलाई प्राथमिकतामा राख्न पहल गर्ने ।

- वडास्थित सार्वजनिक, सस्थांगत तथा विद्यालय शौचालयहरुलाई स्थायी र स्वच्छ वनाउन शौचालय संचालन तथा मर्मतका लागि विशेष कार्यक्रमहरु संचालन गर्ने साथै घरायसी शौचालयको अवस्था नियमित रुपमा सुधार गर्ने ।
- वडामा भित्र रहेका विभिन्न सरकारी कार्यालयहरु, नागरिक समाज, संचार क्षेत्र तथा पत्रकार, समाजसेवी व्यक्तिहरु, राजनैतिक संगठनहरु, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, विद्यालय, नीजि क्षेत्र, सामुदायिक वन, महिला सञ्जाल, दलित सञ्जाल, जनजाति सञ्जाल, गैर सरकारी संस्थाहरु तथा विभिन्न निकायहरुसँग समन्वय र सहकार्यमा जिम्मेवारी वाँडफाँड गरि पूर्ण सरसफाइ अभियानलाई अघि बढाउने ।
- गाँउ वस्ती, टोल, विद्यालयहरुले पूर्ण सरसफाइ अभियान सफल पार्न कार्य योजना सहित सक्रिय रुपमा संलग्न हुने साथै वडावाससिसिको निर्णयलाई कार्यान्वयन गर्न जिम्मेवारी वहन गर्ने ।
- सस्थांगत तथा संरचनागत रुपमा कार्य योजना निर्माण, वजेट व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा समिक्षा प्रणाली वनाउने ।
- पूर्ण सरसफाइको अभियानमा असहयोग गर्ने व्यक्ति, सस्था वा समूहलाई सहि दिशामा लगाउन वडा कार्यालयले आवश्यकता अनुसार थप नियमहरु वनाउने र अनुमोदन गरि लागु गर्ने ।
- प्रोत्साहन, सम्मान, पुरस्कारको माध्यमवाट पूर्ण सरसफाइको अभियानलाई तीव्रता दिइने र दण्ड, सजाय, जरिवनाको नीतिको माध्यमबाट पूर्ण सरसफाई अभियानमा आएको प्रतिकूल वातावरणलाई सुधार गरिने छ ।
- सरसफाईको दिगो व्यवस्थापनका लागि दिसाजन्य लेदोले भरिएको चर्पी खाल्डोको उचित व्यवस्थापन गर्न वातावरण अनुकुलन रणनिती अपनाइने छ ।
- समुदायको अगुवाईमा पूर्ण सरसफाई तथा विद्यालयको अगुवाइमा पूर्ण सरसफाई अवधारणाहरुलाई मुख्य आधार मानी पूर्ण सरसफाइ अभियान संचालन गर्ने ।

## ४.५ कार्यनीति

- गाउँपालीकामा संचालन गरिने सरसफाई तथा स्वच्छता सम्वन्धी क्रियाकलापहरु एकिकृत रुपमा संचालन गर्न सवै सरोकार वालाहरु वीच हरेक दुई महिनाका कम्तीमा एकपटक वैठक वस्ने ।
- गाउँपालिकामा भएको आर्थिक तथा मानवीय स्रोत साधनको पहिचान गरि वडाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि योजना तयार तथा अद्याबधिक गर्ने ।
- गाउँपालकिले वडा तहको योजनालाई आधार मानी प्रत्येक साविकका वडा, विद्यालयहरुले अभियान संचालन गर्ने । उनीहरुको क्षमता विकासको लागि WWASHCC ले सरसफाइ तथा स्वच्छता सम्बन्धि सचेतना तथा अभिमुखीकरण कार्यक्रम गर्ने ।
- गाउँपालकिले वडा तथा बस्ती तहमा नियमित वैठक वस्ने । प्रत्येक वैठकमा कम्तीमा महिनभरि भएको प्रगति, भोग्नु परेको समस्या, सम्भावित चुनौति, सामाधानको उपाय र आगामी महिनाको लक्ष्यहरु बारे छलफल गर्ने ।
- WWASHCC ले नेपाल सरकारको पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ ले निर्दिष्ट पूर्ण सरसफाइको सूचक हरुको विवरण राखी समुदायस्तरमा यसको अवस्थाको लेखाजोखा गरि आवश्यकतानुसार थप कदम चाल्ने ।
- गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (RMWASHCC) को नाममा गाउँपालिकामा सरसफाइ कोष स्थापना गरि एकिकृत रुपमा कार्यक्रम संचालन गर्ने । प्रत्येक वर्ष वडामा कार्यरत कुन कुन संघ सस्थाले कति रकम विनियोजित गर्ने वा कुन स्थान मा के कामको जिम्मेवारी लिने भन्ने कुरा वडावाससिसि र सरोकारावालाहरुको भेलावाट निश्चित गर्ने ।
- सरसफाई तथा स्वच्छता र शौचालय सम्वन्धी सामाग्री सजिलैसँगै समयमै सस्तो र विकल्प सहित प्राप्त गर्न व्यवसायीहरुसँग सहकार्य गर्ने । वडा भित्रै प्यान, पाइप, सिमेन्ट, रड, र्हिर्पक, ब्रस, सावुन, टुथपेष्ट, काइयो, नेल कटर, फिल्टर उपलब्धताको व्यवस्था गर्ने । वडामा सरसफाइ तथा स्वच्छता सम्बन्धी स्रोत व्यक्ति, चर्पी निर्माण, रिङ. तथा प्यान वनाउने मिस्त्री तयार गर्ने ।

- स्वास्थ्य तथा शारीरिक शिक्षा अध्यापन गराउने शिक्षक, वडाका कर्मचारीहरु, स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरु, वडामा कार्यरत विकाससँग सम्वन्धित तथा गैर सरकारी सस्थामा कार्यरत कर्मचारीहरु, महिला स्वास्थ्यकर्मी, स्थानीय क्लव-संस्थाका प्रतिनिधीहरुलालाई स्रोत व्यक्तिको रुपमा तयार गर्ने ।
- साविकका सबै  वडामा बस्तीस्तरका वाससिसि, तथा अनुगमन समिति गठन गर्ने, सो समितिले आ आफ्नो  साविक वडामा उत्प्रेरकहरु तयार तथा परिचालन गर्ने । उक्त समितिले बस्तीस्तरमा सरसफाई अभियानको नेतृत्व, कार्य योजना निर्माण तथा कार्यान्वयन, मानवीय स्रोतको परिचालन, कार्य योजना अद्यावधिक, विभिन्न चेतनामुलक क्रियाकलापहरु संचालन गर्ने तथा अनुगमनका कार्यहरु गर्ने ।
- वडावाससिसिसँग समन्वय गरि बस्ती-टोल वाश सिसीले सम्वन्धित बस्तीको हरेक घरको सरसफाइ अभिलेख राख्ने तथा वडामा कुनैपनि किसिमको सेवा सुविधहरु लिन आउँदा घरमा पूर्ण सरसफाइको सूचक पुरा भए, नभएको अवस्था जानकारी लिने । तोकिएको समयसम्म पुरा भएको प्रमाण पेश नगर्ने घरधुरीहरुलाई वडावाट दिईने सेवा सुविधा तथा सिफारिसको सन्दर्भमा समयमै विस्तृत छलफल गर्ने ।
- स्वास्थ्य चौकिमा सरसफाई डेस्क स्थापना गर्ने र सेवा लिन आउने विरामी तथा उसको साथमा आउने परिवारका सदस्यलाई पूर्ण सरसफाई सम्वन्धि जानकारी दिने र साथै प्रत्येक विद्यालयहरुमा सरसफाइ नमूना टेबल राखी सचेतना अभिवृद्धि गर्ने ।
- सफा र स्वच्छ क्षेत्र घोषणाको लागि साविकका वडाहरु वीच प्रतिस्पर्धा गराइ  घोषणा गरेको आधारमा प्रोत्साहनको व्यवस्था गर्ने साथै वडामा सरसफाइको क्षेत्रमा उल्लेखनीय काम गर्ने, योगदान दिने व्यक्ति, सस्था वा समूह  पहिचान गरि वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको निर्णयानुसार त्यसता व्यक्ति, सस्था वा समूह  लाई पुरस्कृत तथा सम्मान गर्ने ।
- गाउँपालकिाले वडा भित्र एक भन्दा बढी दिवशीय विभिन्न जनभेला, मेला, राजनितिक आमभेला, धार्मिक मेला आदि  क्रियाकलाप संचालन गर्नुभन्दा पहिले आयोजकले सुरक्षित शौचालय तथा खानेपानीको सुनिश्चता गर्नुपर्ने ।
- बजार क्षेत्रको सरसफाई अवस्था सुनिश्चत गर्न, हरेक पसलमा ठोस तथा तरल फोहर व्यवस्थापन गर्न सुझाव तथा जानकारी दिने र सो अनुरुप सूचना प्रवाह गर्ने ।
- प्लाष्टिक जन्य फोहर घटाउन स्थानीय पसल तथा होटलहरुमा प्लाष्टिक झोला तथा भाँडाहरु प्रयोग गर्न निरुस्साहित गर्ने ।
- सडक छेउमा हुने फोहर व्यवस्थापनका लागी विभिन्न सूचना वोर्डहरुको व्यवस्था गर्ने ।
- वडास्तरमा विभिन्न निर्माण तथा जनचेतना सम्बन्धि क्रियाकलापहरु संचालन गर्दा यसले वातावरणीय सरसफाईमा पार्ने प्रभावको वारेमा अध्ययन गरि उक्त प्रभाव पर्न नदिन वा कम प्रभाव पर्ने गरि योजना वनाई कार्यान्वियन गर्नुपर्ने ।
- विद्र्यालय, संघसस्था तथा घरायसी तहमा प्रयोग भएका शौचालयहरुका सेफ्टी ट्यांङ्कीहरु भरिन गै त्यसबाट हुन सक्ने संभावित फोहोर तथा दुर्गन्धलाइ रोक्नको लागि बैकल्पिक सेफ्टी ट्यांङ्की निर्माण गरी राख्र तथा भरिएका सेफ्टी ट्यांङ्कीबाट दुर्गन्ध फैलिन नदिन सुरक्षित  उपायहरु अवलम्वन गर्ने । त्यसको लागि चर्पीको खाल्डो भरिएपछि ढक्कन निकालेर त्यस ठाउँमा रुख विरुवा लगाउने वा व्यवस्थित किसिमले मलको रुपमा पुन प्रयोग गर्ने वा चर्पीको खाल्डो भरिएपछि त्यसको उचित व्यवस्थापन गर्ने गरेको ।

चर्पी निर्माण गर्दा चर्पी अथवा शोक पिटको पिँध भूमिगत पानीको सतह भन्दा कम्तिमा पनि १.५ मिटर माथि हुनेगरी तथा चर्पी वा खाल्डो कम्तिमा पानीको श्रोत (मुहान, कुवा, खोला, नदि, पोखरी आदि) वाट कम्तिमा ३० मिटर टाढाको दुरिमा पर्ने गरी निर्माण गर्न समुदायलाई सचेतीकरण गर्ने ।

- गाउँपालकिाले वडाभित्र संचालन गरिएका सबै होटलहरुमा पिउनको लागि शुद्धिकरण गरिएको पानी उपलब्ध गराउनु पर्ने गरी वडा कार्यालयको तर्फबाट नितिगत व्यवस्था गर्ने ।
- वडाभित्रका सबै विद्यालयहरुमा सरसफाइ सम्बन्धि अध्यापन गराउनको लागि वातावरण तयार गर्ने ।
- सरसफाइलाइ विकासको एउटा प्रमुख अंग मान्दै सफा र स्वच्छ वडा तथा पूर्ण सरसफाइ उन्मुख वडा घोषणा नहुदाँसम्म प्रत्येक वर्ष वडा कार्यालयको तर्फबाट सरसफाइको लागि रकम विनियोजन गरी सरसफाइ सम्बन्धि क्रियाकलापहरु संचालन

गर्दै जाने तथा घोषणा पश्चात पनि सरसफाइ एउटा निरन्तर कार्य भएकोले यसलाइ दिगो बनाइ राख्न अनुगमन प्रक्रियालाइ निरन्तरता दिने ।

- सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा तथा पूर्ण सरसफाइ घोषणाको प्रतिवद्धता तयार पारी घोषणाको दिन सम्पूर्ण समुदायहरुलाई प्रतिवद्धता व्यक्त गर्न लगाउने र पूर्ण सरसफाइ युक्त अवस्थालाई स्थायीत्व दिने ।

## ४.६ कार्यान्वयन ढाँचा

गाउँपालिका तथा वडा स्तरमा खानेपानी, सरसफाइ तथा स्वाच्छता सम्वन्धि योजना तर्जुमा गरी कार्यान्वयन गर्न खानेपानी, सरसफाइ तथा स्वाच्छता समन्वय समिति गठन गरिनेछ । उक्त समितिको संरचना, भुमिका र जिम्मेवारी निम्न अनुसार रहनेछ ।

### ४.६.१ गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वाच्छता समन्वय समिति

| समन्वय समितको संरचना | | भुमिका तथा जिम्मेवारी |
|---|---|---|
| अध्यक्ष | गाउँपालिका अध्यक्ष | • गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि तथ्यांक संकलन तथा अद्यावधीक गर्ने<br>• खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने<br>• माथिल्लो निकाय सँग समन्वय गरी श्रोतको पहिचान तथा परिचालन गर्ने<br>• स्थानिय श्रोत पहिचान तथा परिचालन गर्ने<br>• सहयोगी संस्थाको पहिचान गरी सहकार्यका लागि उपयुक्त वातावरण सृजना गर्ने ।<br>• खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि योजना गाउँपालिकामा अनुमोदन गराउने ।<br>• नियमित बैठक, समिक्षा तथा अनुगमन गर्ने ।<br>• खुला दिसा मुक्त भएका वडाहरुले सफा तथा स्वच्छ क्षेत्र तथा पुर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्नका लागि आवश्यक सुचकहरु पुरा भए नभएको अनुगमन गरी पुरा भएमा प्रमाणीकरण गर्ने ।<br>• गाउँपालिका क्षेत्रमा सफा तथा स्वच्छ क्षेत्रर पुर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्नका लागि आवश्यक सुचकहरु पुरा भए नभएको अनुगमन गर्ने र पुरा भएमा स्वघोषणा गर्ने । त्यसपछि प्रमाणीकरणका लागि माथिल्लो निकायलाई अनुरोध गर्ने । |
| उपाध्यक्ष | गाउँपालिका उपाध्यक्ष | |
| सदस्य सचिव | कार्यकारी अधिकृत वा तोकिएको खण्डमा खानेपानी तथा सरसफाइ शाखा | |
| सदस्यहरु | वडा अध्यक्षहरु, शिक्षा, स्वास्थ्य, महिला विकास, उद्योग वाणिज्य, सरोकारवाला गैससहरु, महिला, दलित, जनजाती र अपांगत बाट, सिमान्तकृत वर्ग र अन्यको हकमा आवश्यकता अनुसार थप गर्न सकिने । | |

### ४.६.२ वडा खानेपानी, सरसफाइ तथा स्वाच्छता समन्वय समिति

| समन्वय समितिको संरचना | | भुमिका तथा जिम्मेवारी |
|---|---|---|
| अध्यक्ष | वडा अध्यक्ष | • खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि तथ्यांक नियमित रुपमा अद्यावधीक गर्ने<br>• खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि योजना (WASH—Plan) तर्जुमा गरी वडासभाबाट अनुमोदन गराइ कार्यान्वयन गर्ने |
| सदस्य सचिव | वडा सचिव | |

| | | |
|---|---|---|
| सदस्यहरु | वडा सदस्यहरु, शिक्षा, स्वास्थ्य, महिला विकास, उद्योग वाणिज्य संघ, सरोकारवाला गैसस प्रतिनीधि महिला, दलित, जनजाती र अपांगत, सिमान्तकृत वर्ग र अन्यको हकमा आवश्यकता अनुसार थप गर्न सकिने । | • नियमित बैठक, (WWASH– Plan) कार्यान्वियन बारे समिक्षा, अनुगमन तथा मुल्यांकन गर्ने .<br>• गाउपालिका तथा अन्य माथिल्लो निकाय सँग समन्वय गरी श्रोतको पहिचान, संकलन तथा परिचालन गर्ने<br>• स्थानिय श्रोत पहिचान तथा परिचालन गर्ने<br>• सहयोगी संस्थाको पहिचान गरी सहकार्यका लागि उपयुक्त वातावरण सृजना गर्ने<br>• खुला दिसा मुक्त भएका टोलहरुले सफा तथा स्वच्छ क्षेत्रर पुर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्नका लागि आवश्यक सुचकहरु पुरा भए नभएको अनुगमन गरी पुरा भएमा स्वघोषणा गर्ने । त्यसपछि प्रमाणीकरणका लागि माथिल्लो निकायलाई अनुरोध गर्ने<br>• वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समिति मध्येबाट वाश कार्यदल गठन गर्ने<br>• वडा स्तरमा सरसफाई अभियान संचालन गर्ने<br>• सफा र स्वच्छ क्षेत्र तथा पूर्ण सरसफाई युक्त भएका घरपरिवारलाई सफा र स्वच्छ क्षेत्र तथा पूर्ण सरसफाई परिचय पत्र वितरण गर्ने<br>• आवश्यकता अनुसार टोल तथा वस्ती स्तरमा सरसफाई उपसमिति गठन गरि परिचालन गर्ने |
| | वडा कार्यालय | • WWASH-CC लाई क्रियाशिल बनाउने<br>• वडा स्थित सबै समितिहरुको क्षमता अभिवृद्धि गर्ने<br>• वडामा हुने सबै बैठक, गोष्ठीहरुमा पूर्ण सरसफाई युक्त वडा बनाउनको लागि बहसको विषय बनाउने<br>• आवश्यक आर्थिक संकलन तथा वडा सभाबाट रकम विनियोजित गर्ने<br>• WWASH-CC ले बनाएको योजना कार्यान्वयनमा सहयोग पुरयाउने |

### ४.६.३ कार्यक्रम सञ्चालन तहः

| क्र.स | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| १ | व्यक्ति | • खानेपानी तथा चर्पीको समुचित प्रयोग, सरसफाइ, मर्मत सम्भार, व्यक्तिगत सरसफाइ गर्ने ।<br>• स्वच्छता प्रवर्धनका बानी व्यवहार अवलम्बन गर्ने, नमुना बनेर देखाउने ।<br>• सरसफाइ र स्वच्छतालाई जीवन पद्धतिको रुपमा अवलम्बन गर्ने । |
| २ | घर परिवार | • चर्पीको निमार्ण, सुरक्षित प्रयोग गरी नियमित सरसफाइ र मर्मत सम्भार गर्ने ।<br>• सरसफाइ र स्वच्छतामा आफुले गरेका असल अभ्यसलाई सामाजिकीकरण गराउने ।<br>• सुरक्षित पानी र खानाको प्रयोग गर्ने ।<br>• घर आँगन र वरिपरिको सरसफाइ गरी घर बगैचा व्यवस्थापन गर्ने ।<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकीलाई अभिप्रेरणा गर्ने ।<br>• घरधुरीबाट निस्किने फोहोरमैलाको वर्गीकरण गरी सुरक्षित व्यवस्थापन गर्ने ।<br>• सफा र स्वच्छ घर प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने ।<br>• आफुले गरेका खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि असल अभ्यासको स्वःअनुगमन गर्ने । |

| | | |
|---|---|---|
| ३ | विद्यालय तथा क्याम्पसहरु | • पाठ्यक्रममा उल्येख गरिएको प्रयोगात्मक नम्बर लाई सरसफाइको आनिबानि परर्वतन संग जोडेर अघि बढाउने ।<br>• पाठ्यक्रममा उल्लेख गरिएको परियोजना कार्यलाई विद्यार्थीले उसको घरमा गरेको सरसफाइ र स्वच्छताको गतिबिधि संग जोडेर अघि बढाउने ।<br>• पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने ।<br>• विद्यार्थी बाल क्लव गठन गरी सक्रियतामाल्याउने ।<br>• बाल–मैत्री, लैगिंक–मैत्री चर्पी यूरिनल तथा खानेपानी सुविधा निर्माण गरी प्रयोगमा ल्याउने तथा नियामत मर्मत सम्भार गर्ने ।<br>• विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको आचार संहिता तयार गरी लागु गराउने ।<br>• सुरक्षित पानीको प्रयोग गर्ने ।<br>• स्वच्छकर बानी ब्यवहार विकासका लागि विद्यार्थी र समुदायलाई अभिप्रेरणा गर्ने ।<br>• फोहोरमैलाको वर्गीकरण गरी सुरक्षित ब्यवस्थापन गराउने ।<br>• विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना गराउने ।<br>• विद्यालय र समुदाय सरसफाइको सिकाइ केन्द्रका रुपमा विकास गराउने ।<br>• सफा र स्वच्छ विद्यालय तथा क्याम्पस प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत गराउने |
